नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## माई जलविद्युत आयोजना (१५.६ मेगावाट) को उत्पादन अनुमतिपत्र सम्बन्धी प्रेस विज्ञप्ति

मिति : २०६७।५।२९

मेची अञ्चल, इलाम जिल्ला, चिसापानी, दानावारी र सोयाक गा.वि.स.हरुमा अवस्थित माई खोलामा १५.६ मेगावाट क्षमताको **माई जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री सानिमा माई हाइड्रोपावर प्रा.लि., नारायण चौर, नक्साल, काठमाडौंलाई नेपाल सरकारको मिति २०६७।५।१३ को निर्णय अनुसार प्रदान गरिएको छ । यस आयोजनाबाट वार्षिक १०.३१ करोड किलोवाट आवर विद्युत शक्ति उत्पादन हुने छ । उक्त आयोजनाबाट उत्पादन हुने विद्युत करिब १२ कि.मि. लामो १३२ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणबाट इलाम जिल्ला गोदक गा.वि.स.मा प्रस्तावित सवस्टेशनमा जोडिने छ । यो आयोजना २०७१ असार मसान्तसम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ भने आयोजनाको अनुमानित लागत करिब २.७ अर्ब रुपैयाँ रहेको छ ।

आ.व. २०६७ को वैशाखदेखि हालसम्म ३ वटा जलविद्युत आयोजनाहरु क्रमशः अपर मादी (२० मेगावाट), अपर माई (९.९८ मेगावाट) तथा माई (१५.६ मेगावाट) लाई ४५.५८ मेगावाट क्षमताका विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ ।

**अनुप कुमार उपाध्याय**
सहसचिव एवम् प्रवक्ता